बैठक नं. २५
आ.व:०७९-८०
मिति: २०७९/१२/२६
समय: बिहान ०८:०० बजे

आज मिति २०७९ साल चैत्र २६ गते मायादेवी गाउँपालिका रुपन्देहीका अध्यक्ष श्री ध्रुव नारायण चौधरी ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिल:-**

| | |
|---|---|
| अध्यक्ष श्री ध्रुवनारायण चौधरी | अध्यक्ष |
| उपाध्यक्ष श्री नर्वदा देवी उपाध्याय | उपाध्यक्ष |
| वडा अध्यक्ष श्री पल्टु लोध | सदस्य |
| वडा अध्यक्ष श्री अग्नु यादव | सदस्य |
| वडा अध्यक्ष श्री मोहम्मद रफिक खाँ | सदस्य |
| वडा अध्यक्ष श्री अरुण कुमार तिवारी | सदस्य |
| वडा अध्यक्ष श्री तेज नारायण पाल | सदस्य |
| वडा अध्यक्ष श्री अवधराज यादव | सदस्य |
| वडा अध्यक्ष श्री शैलेन्द्र कुमार पाण्डेय | सदस्य |
| वडा अध्यक्ष श्री चोक बहादुर थापा | सदस्य |
| श्री सकुन्तला मल्लाह | सदस्य |
| श्री सुनिता पासिन | सदस्य |
| श्री माधुरी धोबिन | सदस्य |
| श्री लक्ष्मी कुर्मी | सदस्य |
| श्री शुसिला वि.क. | सदस्य |
| श्री सोहन प्रसाद रजक | सदस्य |
| श्री सुरेश भण्डारी | सदस्य-सचिव |

**आमन्त्रित**

| | |
|---|---|
| श्री राम प्रसाद भट्टराई | – लेखा अधिकृत |
| श्री पम्फा पन्थ | अधिकृत छैठौं |

प्रमाणित मितिः-२०७९/१२/२६

<u>प्रस्तावहरुः-</u>

**१. उपभोक्ता समितिसंग योजना तथा कार्यक्रम संम्झौता सम्बन्धमा।**

**२. IEE स्विकृत भएका घाटहरुको ठेक्का बन्दोवस्त सम्बन्धमा।**

**३. नदी जन्य पदार्थ व्यवस्थापन तथा अनुगमन समिति गठन गर्ने सम्बन्धमा।**

**४. सिद्धार्थ सिटी अस्पताललाई ओ.पि.डी. सेवा संचालन गर्न अनुमती दिने सम्बन्धमा।**

**५. आयोजना बैंकको लागि योजना सिफारिस सम्बन्धमा।**

<u>निर्णयहरुः-</u>

<u>निर्णय नं.१.</u> प्रस्ताव नं.१ को सन्दर्भमा छलफल गर्दा मायादेवी गाउँपालिका गाउँ विकास योजनामा परेका स्विकृत वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनको लागि वडा तथा गाउँपालिका स्तरीय गठन भएका उपभोक्ता समितिहरुसंग २०८० साल बैशाख ७ गते भित्र योजना तथा कार्यक्रम सम्झौता गरी कार्यादेश दिने साथै जेष्ठ मसान्त भित्र सम्पूर्ण सम्झौता बमोजिमका सम्पन्न गर्ने निर्णय गरियो।

<u>निर्णय नं.२.</u> प्रस्ताव नं.२ को सन्दर्भमा छलफल गर्दा मायादेवी गाउँपालिका क्षेत्र भएर बग्ने तिनाउ र दानव नदीको बिभिन्न घाटहरुबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न निकासीको लागि प्रारम्भिक वातावरणीय परीक्षण IEE अनुसार सो घाटहरुको ठेक्का प्रकृया अगाडि बढाउनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

| क्र. सं. | ठेक्का नं. | उत्खनन् गरिने नदी घाटको नाम | उत्खन्न गर्नुपर्ने परिमाण (घ.फि) | न्यूनतम कबोल अङ्क रु. (मू.अ.कर बाहेक) | धरौटी | बोलपत्र/ दरभाउपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | १/राजश्व/दानव/२०७९-८० | दक्षिण निबिहवा घाट | १५२,५५६ | १८,३०,६७२ | कबोल अंकको ५ प्रतिशतले हुने रकमको बैंक भौचर वा सो बराबरको ग्यारेण्टी | १,००० |
| २ | २/राजश्व/दानव/२०७९-८० | मेडरहवा घाट | १२८,८२५ | १५,४५,९०० | | १,००० |
| ३ | ३/राजश्व/तिनाउ/२०७९-८० | खजुरिया (क) घाट | ११०,१८० | १३,२२,१६० | | १,००० |
| ४ | ४/राजश्व/दानव/२०७९-८० | उत्तर महदेवा घाट | ७०७,६०८ | ८४,९१,२९६ | | ३,००० |
| ५ | ५/राजश्व/दानव/२०७९-८० | दक्षिण महदेवा घाट | ४१३,१७४ | ४९,५८,०८८ | | ३,००० |
| ६ | ६/राजश्व/दानव/२०७९-८० | पथरहिया घाट | ५६१,९१६ | ६७,४२,९९२ | | ३,००० |
| ७ | ७/राजश्व/दानव/२०७९-८० | हरहरवा घाट | ३१५,२८३ | ३७,८३,३९६ | | ३,००० |
| ८ | ८/राजश्व/दानव/२०७९-८० | उत्तर निबिहवा घाट | ४१९,२४८ | ५०,३०,९७६ | | ३,००० |
| ९ | ९/राजश्व/दानव/२०७९-८० | रमावापुर घाट | ५५९,३७४ | ६७,१२,४८८ | | ३,००० |
| १० | १०/राजश्व/दानव/२०७९-८० | लुक्ठहवा घाट | ५२१,७४३ | ६२,६०,९१६ | | ३,००० |
| ११ | ११/राजश्व/तिनाउ/२०७९-८० | महुवारी घाट | १६९,५०७ | २०,३४,०८४ | | ३,००० |

प्रमाणित मितिः-२०७९/१२/२६

| क्र. सं. | ठेक्का नं. | उत्खनन् गरिने नदी घाटको नाम | उत्खनन गर्नुपर्ने परिमाण (घ.फि) | न्यूनतम कबोल अङ्क रु. (मू.अ.कर बाहेक) | धरौटी | बोलपत्र/ दरभाउपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १२ | १२/राजश्व/तिनाउ/२० ७९-८० | बैरिया घाट | २६२,७३६ | ३१,५२,८३२ | कबोल अंकको ५ प्रतिशतले हुने रकमको बैंक भौचर वा सो बराबरको ग्यारेण्टी | ३,००० |
| १३ | १३/राजश्व/तिनाउ/२ ०७९-८० | गुरुवनिया घाट | ३११,८९३ | ३७,४२,७१६ | | ३,००० |
| १४ | १४/राजश्व/तिनाउ/२ ०७९-८० | खजुरिया (ख) घाट | २७४,६०२ | ३२,९५,२२४ | | ३,००० |
| १५ | १५/राजश्व/तिनाउ/२ ०७९-८० | गोनहीया घाट | ४३१,९०४ | ५१,८२,८४८ | | ३,००० |

**निर्णय नं.३.** प्रस्ताव नं.३ को सन्दर्भमा छलफल गर्दा मांयादेवी गाउँपालिकाको नदीजन्य पदार्थको अनुगमन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको पदाधिकारी तथा गुनासो रहने गरी नदी जन्य पदार्थ अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः-**

१) श्री नर्वदादेवी उपाध्याय (गा.पा. उपाध्यक्ष) – संयोजक
२) अवधराज यादव (६ नं वडा अध्यक्ष) - सदस्य
३) माधुरी धोविन (कार्यपालिका सदस्य) - सदस्य
४) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
५) आर्थिक प्रशासन शाखा - सदस्य
६) सम्बन्धित वडा हेर्ने प्राविधिक प्रमुख - सदस्य
७) सम्बन्धित वडा अध्यक्ष - सदस्य
८) योजना शाखा प्रमुख - सदस्य
९) राजश्व शाखा प्रमुख - सदस्य

**निर्णय नं.४.** प्रस्ताव नं.४ को सन्दर्भमा छलफल गर्दा सिद्धार्थनगर सिटी अस्पतालले विशेज्ञ चिकित्सकहरुबाट साप्ताहिक रुपमा मायादेवी गाउँपालिकाको वडा नं.८ भित्र **निःशुल्क** ओपिडी सेवा संचालन गर्न अनुमति माग गरेकोमा सो संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५.** प्रस्ताव नं.५ को सन्दर्भमा छलफल गर्दा मायादेवी गाउँपालिकाको गौरवका योजना एवं वडा स्तरका ठूला योजना योजनाहरु समावेस हुने गरी आयोजना बैङ्क तयार गर्न लागिएकोले सो प्रयोजनको लागि प्रत्येक वडाले आफ्नो वडाभित्र पर्ने गौरवका योजना,ठूला तथा ठोस किसिमका पुँजीगत योजना छनौट गरी वडा समितिबाट निर्णय गराई वैशाख ५ गते भित्र पालिकामा पठाउने निर्णय गरियो ।